नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को दोस्रो लहरको संक्रमणका सन्दर्भमा यसको रोकथाम, नियन्त्रण र उपचार पद्धतिलाई थप प्रभावकारी बनाउने सम्बन्धमा माननीय उपप्रधानमन्त्रीले कोरोना बिरुद्धको खोप र स्वास्थ्य सामग्री सहयोगका लागि कूटनैतिक पहलमा तीव्रता दिनुभएको छ। माननीय उपप्रधानमन्त्री र अमेरिकी राजदूत रेन्डी बेरी बीच आज टेलिफोन संवाद भएको छ र उक्त संवादमा राजदूत बेरीले अर्को सातासम्म नेपालमा अमेरिकी सरकारका तर्फबाट स्वास्थ्य सामग्रीको सहयोग गरिने जानकारी दिनुभएको छ।

आज नेपाल सरकारका मुख्य सचिवको कार्यकक्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवहरू, गृह मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योगतर्फ) र परराष्ट्र मन्त्रालयका सचिवको उपस्थितिमा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका सम्बन्धमा भएको छलफल बाट काठमाण्डौ उपत्यकाभित्र सबै सरकारी अस्पताल तथा स्वास्थ्य मन्त्रालयसँग संझौता गरी कोभिड-१९ को उपचार गरिरहेका निजी अस्पतालहरूको लागि आवश्यक अक्सिजन सिलिन्डरको आपूर्तिको व्यवस्था **"मेडिकल अक्सिजनको प्रयोग र आवश्यकता सम्बन्धी मापदण्ड, २०७८"** बमोजिम स्वास्थ्य तथा मन्त्रालयले मिलाउने, काठमाण्डौ उपत्यका बाहिरका सबै अस्पतालहरूमा आवश्यक अक्सिजन सिलिन्डरको आपूर्तिको व्यवस्था सो मापदण्ड बमोजिम अस्पतालको समन्वयमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र ले गर्ने, चिकित्सकको सिफारिस बाहेक कसैले पनि घरमा वा संस्थामा अक्सिजन सिलिन्डर नराख्न, भएका सिलिन्डर नजिकको अस्पताल र स्थानीय प्रशासनमा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक आव्हान गर्ने, यस सम्बन्धी सूचनामूलक सन्देश सरकारी सञ्चार माध्यम र टेलिफोन सेवा प्रदायकहरुले रिंग ब्याक टोन को रुपमा प्रसारण गर्ने गराउने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने, घरमा अक्सिजन सिलिण्डर राखे नराखेको, सम्बन्धित उद्योगले अस्पताल बाहेक अन्यत्र निजी प्रयोगमा दिए नदिएको अनुगमन स्थानीय प्रशासन मार्फत गर्ने गराउने व्यवस्था गृह मन्त्रालयले गर्ने, यसका लागि प्रत्येक अक्सिजन ग्यास उद्योगमा प्राप्त सिलिण्डर र वितरण भएका सिलिण्डरको अभिलेख राख्नका लागि सशस्त्र प्रहरी खटाउने र सो को नियमित विवरण प्राप्त हुने व्यवस्था मिलाउने, कसैले पनि मापदण्ड विपरीत अक्सिजन सिलिण्डर प्रयोग वा वितरण गर्न कसैलाई अवाञ्छित दवाव नदिने, उद्योग र अस्पतालहरुले पनि कुनै पनि किसिमले मापदण्ड विपरित प्रयोग नगर्ने/नगराउने, नेपालले भन्सार बिन्दूबाट आफै ढुवानी गर्न सक्ने भए चीनबाट स्थलमार्गबाट अक्सिजन सिलिण्डर ल्याउन सकिने देखिएकोले सो बमोजिम ढुवानी गर्न सक्ने कुराको जानकारी परराष्ट्र मन्त्रालयले चिनीया पक्षलाई गराउने, ढुवानी गर्दा सुरक्षाको व्यवस्था गृह मन्त्रालयले मिलाउने, ढुवानी खर्च स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भुक्तानी गर्ने, सबै अक्सिजन प्लाण्ट २४ सैं घण्टा सञ्चालन हुने व्यवस्था मिलाउने, खाली अक्सिजन सिलिण्डर तत्काल प्लाण्टमा पठाउने र प्लाण्टले पनि तत्काल भरी फिर्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

पत्र संख्याः-
च.नं.: -

पठाउने व्यवस्था गर्ने, यसको समन्वय र अनुगमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा उद्योग मन्त्रालयले गर्ने, यस कार्यमा आवश्यक सहयोग गृह मन्त्रालय र स्थानीय प्रशासनले गर्ने लगायतका निर्णय भएका छन्।

गृह मन्त्रालयका अनुसार मिति २०७८/०१/२९ गतेका दिन देशभरका विभिन्न सीमानाकाबाट ३९०२ नेपाली नागरिकहरु नेपाल प्रवेश गरेका छन्। देशभर अक्सिजन सहितको १३६५ र अक्सिजन बिनाको १७२३ आइसोलेसन सेन्टरहरु रहेका छन् । क्वारेन्टिनको नियम प्रभावकारी रुपमा पालना गर्ने/गराउने प्रयोजनका लागि देशभरका ६६ क्वारेन्टिनको अनुगमन भै नियम पालना नगर्ने २६४६ जनालाई कारवाही/सचेत गराइएको विवरण प्राप्त भएको छ। अक्सिजन उत्पादन र आपूर्तिलाई प्रभावकारी बनाउन अक्सिजन प्लान्ट र स्वास्थ्य संस्था गरी ६६ वटा अनुगमन गरिएको छ। गण्डकी प्रदेशमा उद्योग र निर्माण क्षेत्रमा प्रयोगमा रहेको ४६९ अक्सिजन सिलिण्डर मेडिकल प्रयोजनको लागि फिर्ता भएको जानकारी प्राप्त भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार हालै अमेरिकाको रक्षा विभाग मार्फत सि.सि.एम.सि. लाई ३१ लाख डलर बराबरको अक्सिजनसम्बन्धी उपकरणहरु, पिपिइ लगायतका सामग्री हस्तान्तरण भएको छ। इयुको सिविल प्रोटेक्सन मेकानिज्म अन्तर्गत सहयोग घोषणा गर्ने मुलुक फिनल्यान्डबाट २२ लाख फेसमास्क, ३ लाख ५० हजार एफ.एफ.पी.टु. मास्क, ५२,५०० जोर भिनाइल ग्लोभ र ३० हजार आइसोलेसन गाउन प्राप्त हुने र यसै संयन्त्र मार्फत फ्रान्स र जर्मनीबाटसमेत स्वास्थ्य सामग्री र उपकरण आउने जानकारी प्राप्त भएको छ ।

यस विषम परिस्थितिमा अक्सिजन र बेडको अभाव हुन नदिन थप क्रियाशिल भै कोभिड-१९ को संक्रमणबाट बच्न र बचाउनका लागि सबै नागरिकलाई उच्च मानवीय संवेदना राखी एकताबद्ध भै सुरक्षित तवरले महामारी रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्य गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८, वैशाख ३०

किरणराज शर्मा
प्रवक्ता



**टेलिफोन** : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
**फ्याक्स** : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, **पो.ब.नं.** : २३३१२, **काठमाडौं, नेपाल**
**ई-मेल** : **info@opmcm.gov.np**
**वेब साईट** : **http://www.opmcm.gov.np**